जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily


एक कदम अगाडि




बर्ष १२ • अंक ३३८ • २०८२ असोज १० गते शुक्रवार • 26 Sep. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-



समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय

# परिवर्तन हिंसाले होइन, विचारले हुनुपर्छ

हाम्रो इतिहासले सिकाएको छ, की परिवर्तन हिंसाले होइन, विचारले आउँनेछ, क्रान्ति आगजनीले होइन, एकताले सम्भव हुनेछ। अग्रजले आफ्नो जीवन दाउमा राखेर देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरेको छ। हामी रैतीबाट नागरिक बन्यौ। आज पनि सडकमा गोली खाएर ढलेका सहिदका सपना मरेका छैन, तिनका आशा जिउँका तिउँ रहेको छ, खरानीसँगै डढेका छैन। जब हामी व्यक्तिगत आक्रमण, तोडफोड र हिंसाको बाटो रोज्छौं, त्यतिबेला लाग्छ हामी सहिदको सपनामाथि आघात पुऱ्याइरहेका छौं। हामी नेपली आमाका आँसुको अपमान गरिरहेका छौं, जसले आफ्नो कोख रित्तिसक्दा पनि देशका लागि आशा बोकेर बाँच्ने साहस गरेको छ।

आन्दोलनको उद्देश्य भ्रष्टाचारको अन्त्य र लोकतन्त्रको सुदृढीकरण थियो, सुशासन कायम गर्ने थियो तर यो उद्देश्य हिंसाले होइन, संवाद र वार्ता अनि संयमताबाट प्राप्त हुन्छ भन्ने बुझ्न आवश्यक रहेका थिए। राजनीतिक दल र तिनका नेता, जसलाई हामीले नेतृत्वको म्यान्डेट दिएका थियौं, तिनले अब पनि नसच्चिने हो भने जनभावनाको कदर नगर्ने हो भने देश पुनः दशकौं पछाडि संभावना रहेको देखिन्छ। नेताहरूको जीवनशैली र पार्टी सञ्चालनको तौरतरिका नेपाली जनताले नजिकबाट सूक्ष्म तवरले नियालिरहेको तथ्य बुझ्न अत्ति आवश्यक रहेको देखिन्छ।

# १८ पालिकाको खाता सञ्चालनमा नआउँदा आर्थिक कारोबार ठप्प

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ९ असोज**

धनुषाका जिल्लाका १८ पालिकाको खाता सञ्चालनमा नआउँदा आर्थिक कारोबार ठप्प भएको छ। यसबाट विशेष गरेर कर्मचारी समस्यामा परेका छन्। कोष तथा लेखा नियन्त्रकको कार्यालयका अनुसार जिल्लाका एक उपमहानगरपालिका, ११ नगरपालिका तथा छ गाउँपालिकाको खाता सञ्चालनमा नआएको हो। चालु आर्थिक वर्ष बितेको दुई महिना भएपनि स्थानीय तहको खाता नखुल्दा कर्मचारीले तलब सुविधादेखि विकास निर्माणको कार्यसमेत ठप्प भएको छ।

साथै बजेट खर्चसम्बन्धी आर्थिक कारोबार नभएको सो कार्यालयले जनाएको छ। स्थानीय तहको खाता सञ्चालनका लागि



नगरसभा वा गाउँसभा सम्पन्न गर्नुपर्ने, आर्थिक र विनियोजन विधेयक पारित गर्नुपर्ने, चालु वर्षको बजेट पारित गर्नुपर्ने तथा अघिल्लो वर्षको खर्चको हिसाब बुझाएरमात्र खाता मिलाउनुपर्ने कानुनी प्रावधान रहेको सो कार्यालयले जनाएको छ। धनुषाका अधिकांश स्थानीय पालिकाले ती प्रक्रिया पूरा नगरेकोले खाता बन्द रहेको छ। सो कार्यालयका अनुसारले १८ पालिकामध्ये १० पालिकाले चालु आर्थिक वर्ष २०८२-८३ को बजेटसमेत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलगायत सम्बन्धित निकायमा पेस नगरेको बताइएको छ।

# प्रदेश स्तरीय विशेष पोषण कार्यक्रमको वार्षिक समीक्षा तथा योजना तर्जुमा गोष्ठी जलेश्वरमा सुरु

**आरजे इर्शाद शेख**
**जलेश्वर, ९ असोज**



मधेश प्रदेशको स्वास्थ्य निर्देशनालयको आयोजना तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेशको सहकार्यमा "प्रदेश स्तरीय विशेष पोषण कार्यक्रम आ.व. २०८१/०८२" को वार्षिक समीक्षा तथा आगामी योजना तर्जुमा गोष्ठी कार्यक्रम जलेश्वरमा बुधवारदेखि सुरु भएको छ। कार्यक्रमको अध्यक्षता स्वास्थ्य निर्देशनालयका निर्देशक सरोज चन्द्र न्यौपानेले गर्नु भएको हो भने प्रमुख अतिथिका रुपमा उपस्थित स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेशका माननीय मन्त्री शत्रुधन प्रसाद सिंहले गोष्ठीको उद्घाटन गर्नु भएको हो। तीन दिनसम्म चल्ने यो कार्यक्रम असोज ८ गतेदेखि १० गतेसम्म सञ्चालन हुनेछ।

गोष्ठीमा मधेश प्रदेशका विभिन्न जिल्लाबाट सहभागी स्वास्थ्य अधिकारी, पोषण कार्यक्रमका प्रतिनिधिहरू तथा सरोकारवालाहरूको सहभागिता रहेको छ। कार्यक्रममा अघिल्लो आर्थिक वर्षमा सञ्चालन गरिएका पोषण सम्बन्धी गतिविधिहरूको समीक्षा गर्नुका साथै आगामी योजनाहरूको तर्जुमा गरिने बताइएको छ। गोष्ठीबाट प्रदेशस्तरीय पोषण रणनीतिमा थप स्पष्टता र प्रभावकारी कार्यान्वयनको बाटो खुल्ने अपेक्षा गरिएको छ। स्वास्थ्य निर्देशनालयका बिनोद यादवका अनुसार, गोष्ठीबाट प्रदेशस्तरीय पोषण रणनीति अझ स्पष्ट र प्रभावकारी हुने अपेक्षा गरिएको छ। उनका अनुसार, "समीक्षा र छलफल मार्फत आगामी कार्ययोजनालाई व्यवहारिक र लक्ष्यमुखी बनाउने उद्देश्यसहित गोष्ठी आयोजना गरिएको हो।"




## तपाईको टुडे

मेषः मनमा पछुतो आउने
वृषः लामो यात्राको योग छ
मिथूनः अनावश्यक चिन्ता
कर्कटः पिछडेको साथी मिल्ने
सिंहः अनावश्यक खर्चको संभावना
कन्याः आम्दानी हुने
तुलाः विचार गरेर बोल्नुहोला
वृश्चिकः शुभ कार्यको शुरुवात
धनुः खानपानमा समस्या आउने
मकरः अशुभ समाचार प्राप्त हुने
कूम्भः मित्रतामा फाटो आउने
मीनः पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना)

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# पूर्वराष्ट्रपति निकोलस माथिको आरोपको फैसला आउँदै

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ९ असोज



पेरिसको अदालतले बिहीबार फ्रान्सका पूर्वराष्ट्रपति निकोलस सार्कोजीमाथि सन् २००७ को राष्ट्रपति चुनाव अभियानमा तत्कालीन लिबियाली नेता मुअम्मर गद्दाफीको सरकारबाट अवैध आर्थिक सहयोग प्राप्त गरेको आरोपसम्बन्धी फैसला सुनाउँदैछ।

यदि दोषी ठहर भएमा ७० वर्षीय सार्कोजी अवैध विदेशी कोष स्वीकार गरी पद जित्ने पहिलो पूर्वराष्ट्रपति हुनेछन्। उनले यस वर्षको शुरूआतमा तीन महिनासम्म चलेको सुनुवाइमा तीन पूर्वमन्त्रीसहितका ११ सह-प्रतिवादीहरूसँगै सबै आरोप अस्वीकार गरेका थिए। धेरै कानूनी घोटालाले आफ्नो राजनीतिक विरासतलाई धुमिल बनाए पनि सार्कोजी गायक-मोडेल कार्ला ब्रुनीसँगको विवाहका कारण फ्रान्सको दक्षिणपन्थी राजनीति र मनोरञ्जन सर्कलमा अझै प्रभावशाली छन्।

दोषी ठहर भए पनि उनले अपिल गर्न सक्नेछन्, जसले सजाय कार्यान्वयनलाई स्थगित गर्नेछ। अभियोजनकर्ताले सात वर्षसम्मको जेल सजाय माग गरेका छन् । लिबियाली पैसाको दावी: लिबियाली सञ्चारमाध्यम र गद्दाफी आफैँले सार्कोजीको अभियानमा करोडौं युरो गोप्य रूपमा खर्च गरेको दाबी गरेपछि यी आरोपको जरा सन् २०११ मा देखियो । सन् २०१२ मा अनुसन्धानात्मक मिडियापार्टले पाँच करोड युरो कोष सम्झौता सम्बन्धी लिबियाली गुप्तचर मेमो प्रकाशित गऱ्यो । सार्कोजीले कागजातलाई नक्कली भन्दै मानहानि मुद्दा दायर गरे तर फ्रान्सेली मजिस्ट्रेटहरूले यसलाई प्रामाणिक देखिने बताएका थिए।

# बेटिङ एपको प्रवर्द्धन : सोनु सूदसँग सात घण्टा सोधपुछ

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ९ असोज



अभिनेता सोनु सूदलाई अनलाइन बेटिङ एप वानएक्स बेटको प्रवर्द्धनसँग सम्बन्धित मुद्दामा ईडीले करिब सात घण्टा सोधपुछ गरेको छ । बुधबार दिउँसो १२ बजे कानुनी टोलीसहित ईडी कार्यालय पुगेका सूदसँग मनी लन्ड्रिङ रोकथाम ऐन (पीएमएलए) अन्तर्गत बयान लिइएको हो। यसअघि मंगलबार पूर्व क्रिकेटर युवराज सिंह र अभिनेत्री अन्वेशी जैनले पनि सोही मुद्दामा ईडीलाई बयान दिएका थिए। सोधपुछको दायरामा शिखर धवन, रोबिन उथप्पा, सुरेश रैना र हरभजन सिंहलाई पनि समावेश गरिएको छ। अनुसन्धान अवैध बेटिङ एपमार्फत करोडौंको ठगी र कर छलीमा केन्द्रित छ। कम्पनीहरूमाथि लगानीकर्तालाई ठगेको र अवैध रूपमा ठुलो रकम सङ्कलन गरेको आरोप छ। यद्यपि, वानएक्स बेटले आफूलाई १८ वर्षभन्दा बढी अनुभव भएको विश्वव्यापी मान्यता प्राप्त बुकमेकर दाबी गर्दै आएको छ। भारत सरकारले हालै पारित गरेको अनलाइन गेमिङ विधेयक २०२५ अनुसार ड्रीम११, रम्मी, पोकरलगायत सबै प्रकारका अनलाइन बेटिङ एपहरू प्रतिबन्धित गरिएका छन् । यसअघि २०१७ मा सर्वोच्च अदालतले ड्रीम ११ जस्ता काल्पनिक खेललाई सीपको खेल भने पनि, भारतमा अनलाइन बेटिङ कानुनी कहिल्यै थिएन।

# यस्तो छ बिहीबारका लागि विदेशी मुद्राको विनिमय दर

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ९ असोज




नेपाल राष्ट्र बैङ्कले आजका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । राष्ट्र बैङ्कका अनुसार अमेरिकी डलर एकको खदिरदर १४१ रुपैयाँ ६१ पैसा र बिक्रीदर १४२ रुपैयाँ २१ पैसा कायम भएको छ ।

युरोपियन युरो एकको खरिददर १६६ रुपैयाँ ४० पैसा र बिक्रीदर १६७ रुपैयाँ १० पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर १९० रुपैयाँ ६५ पैसा र बिक्रीदर १९१ रुपैयाँ ४६ पैसा, स्विस फ्र्याङ्क एकको खरिदर १७८ रुपैयाँ ४१ पैसा र बिक्रीदर १७८ रुपैयाँ ८९ पैसा कायम गरिएको छ । अष्ट्रेलियन डलर एकको खरिददर ९३ रुपैयाँ ५१ पैसा र बिक्रीदर ९३ रुपैयाँ ९१ पैसा, क्यानेडियन डलर एकको खरिददर १०२ रुपैयाँ चार पैसा र बिक्रीदर १०२ रुपैयाँ ४७ पैसा, सिङ्गापुर डलर एकको खरिदर ११० रुपैयाँ र बिक्रीदर ११० रुपैयाँ ४७ पैसा निर्धारण गरिएको छ ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ ५४ पैसा र बिक्रीदर नौ रुपैयाँ ५८ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ८७ पैसा र बिक्रीदर १९ रुपैयाँ ९५ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ ७५ पैसा र बिक्रीदर ३७ रुपैयाँ ९१ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ ८५ पैसा र बिक्रीदर ३९ रुपैयाँ दुई पैसा कायम भएको छ ।

# गुमनाम महिला बास्केटबल

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ९ असोज



भर्खरै भारतको यू-१६ महिला बास्केटबल टिमले फिबा यू-१६ महिला एसियन च्याम्पियन डिभिजन बी को च्याम्पियन बन्दै डिभिजन ए मा स्थान बनाउन सफल भयो। सन् २०१७ पछि भारतको यू-१६ टिमले पहिलो पटक उपाधि जितेको हो । फिबा यू-१६ महिला एसियन च्याम्पियन डिभिजन बी मा भारतले अपराजित रहने क्रममा अन्तिम खेलमा इरान विरुद्ध ६७-६६ को रोमाञ्चक जित हात पारेको थियो। यसले भारतीय बास्केटबलले फेरि आफ्नो पुरानो सुनौलो दिन फर्काउन सफल भएको छ।

भारतले अब सन् २०२७ मा हुने फिबा यू-१६ महिला एसियन च्याम्पियनको डिभिजन ए मा प्रतिस्पर्धा गर्नेछ। फिबा यू-१६ महिला एसियन च्याम्पियन डिभिजन बी खेल्नुअघि भारत साबा (साउथ एसियन बास्केटबल एसोसिएसन) क्वालिफायर्सको उपाधि जितेर एसियामा पुगेको थियो।

२०२५ कै जुनमा भएको फिबा यू१६ महिला एसियन कपको साबा क्वालिफायर्समा भारतसहित श्रीलंका, बंगलादेश र माल्दिभ्सले प्रतिस्पर्धा गरेका थिए। तर नेपाल भने त्यसमा सहभागी थिएन । अन्तर्राष्ट्रिय प्रतियोगितामा अगाडि बढ्नका लागि घरेलु प्रतियोगिता देखि तयारी सुरु गर्नुपर्छ। उमेर समूहको प्रतियोगिता गर्दै उमेर समूहको टिम बनाएर दक्षिण एसियाली क्षेत्रमा खेलेपछि मात्र एसियामा पुगिन्छ । तर घरेलु गतिविधि शुन्य प्रया रहँदा नेपालले उमेर समूहको अन्तिम बास्केटबलमा खेल्न पाएन।

नेपालको बास्केटबलको वर्तमान अवस्था कस्तो छ भनेर भन्न यो त एउटा उदाहरण मात्रै हो । उमेर समूहमा मात्र होइन पछिल्लो समय नेपालको घरेलु बास्केटबल गतिविधि निकै कम हुँदा अन्तर्राष्ट्रिय बास्केटबलमा नेपालको प्रतिनिधित्व कम बन्दै गएको छ।













# नेपाली कांग्रेसले समर्थन फिर्ता लिएसँगै नयाँ सरकार गठनका विषयमा छलफल सुरु

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ९ असोज**



नेपाली कांग्रेसले जनमत पार्टीबाट मधेश प्रदेशका मुख्यमन्त्री बन्नुभएका सतीशकुमार सिंह नेतृत्वको प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएसँगै नयाँ सरकार गठनका विषयमा बुधबारदेखि छलफल सुरु भएको छ।

अर्कोतर्फ मुख्यमन्त्री सिंहले औपचारिक रूपमा पदबाट राजीनामा दिनुभएको छैन। उहाँले राजीनामा नदिए पनि जनमत पार्टी र नेपाली कांग्रेसले समर्थन फिर्ता लिएपछि पार्टीले कारबाही नगरेको खण्डमा समर्थन फिर्ता लिएको ३० दिनभित्र उहाँले विश्वासको मत लिनुपर्ने कानुनी व्यवस्था रहेको छ।

नयाँ सरकार गठन हुने निश्चित भएपछि एकातर्फ वर्तमान सत्ता गठबन्धन दल नेकपा (एमाले), नेपाली कांग्रेस, लोसपा र जनमत पार्टीका प्रदेश सभा सदस्यले छलफल सुरु गर्नुभएको छ। अर्कोतर्फ विपक्षी दल जसपा नेपाल, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) सहितका साना दलका प्रदेश सभा सदस्यले समेत छलफललाई तीव्र बनाएका छन्। नेकपा (एमाले) संसदीय दल मधेश प्रदेशका नेता एवं भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवले सत्ता गठबन्धन दलभित्र आआफ्नो नेतृत्व हुनुपर्ने दलले दाबी गर्नु स्वाभाविक भए पनि वर्तमान अवस्थालाई दृष्टिगत गरी सर्वदलीय सरकार निर्माण गर्ने पहिलो प्राथमिकता रहने बताउनुभयो। उहाँले सङ्घीयताको समाप्तिका लागि विभिन्न खालका षड्यन्त्र हुने गरेको भन्दै सङ्घीयताको रक्षाका लागि पनि अहिले सर्वदलीय सरकार आवश्यक भएको र यसका लागि प्रदेशदेखि केन्द्रसम्मको विभिन्न दलको नेताको बिचमा छलफल भइरहेको बताउनुभयो। उहाँले दलबिचमा सहमति नभएको खण्डमा बहुमतीय प्रणालीबाट सरकार निर्माण हुने र त्यसमा नेतृत्वका लागि स्वाभाविक पनि एमालेको दाबी रहने बताउनुभयो। उहाँले एक/दुई दिनभित्रै केही न केही टुङ्गो लाग्ने बताउनुभयो। नेपाली कांग्रेस संसदीय दल मधेश प्रदेशका नेता एवं नेपाली कांग्रेस मधेश प्रदेश सभापति कृष्णकुमार यादवले मुख्यमन्त्रीले आफैँ सामाजिक सञ्जालमा राजीनामा गरेको र मुख्यमन्त्रीको पार्टी जनमत पार्टीले समेत समर्थन फिर्ता लिएर मुख्यमन्त्रीलाई फिर्ता बोलाइसकेको अवस्थामा कांग्रेसले समर्थन फिर्ता लिएको बताउनुभयो। उहाँले सरकार गठनको विषयमा सामान्य छलफल भएको बताउनुभयो।

लोसपा संसदीय दल मधेश प्रदेशका नेता जैनुल राइनले अब बन्ने सरकारको नेतृत्व लोसपाले पाउनुपर्ने दाबी रहेको र त्यसका लागि बिहीबारदेखि अन्य दलसँग छलफल गर्ने बताउनुभयो। सत्ता गठबन्धन दलका नेता यस्तो भनिरहँदा विपक्षी दल जसपा नेपालसहितका दलका नेताले भन्ने सङ्घीयता जोगाउनका लागि भए पनि सर्वदलीय सरकारका लागि पहल गर्नु आवश्यक देखिएको बताएका छन्। मधेश प्रदेशमा बहुमतको सरकार गठनका लागि ५४ जना प्रदेश सभा सदस्यको आवश्यकता रहेको छ। मधेश प्रदेश सभामा १०७ जना प्रदेश सभा सदस्यबाट दुई जना प्रदेश सभा सदस्य निलम्बनमा परेपछि सभामुख रामचन्द्र मण्डलसहित हाल १०५ जना प्रदेश सभा सदस्य रहेको सभामुख मण्डलले जानकारी दिनुभयो। जसमा नेकपा (एमाले) का २४, नेपाली कांग्रेसको २२, जसपा नेपालको १९, जनमतको १३, माओवादी केन्द्रको नौ, लोसपाको आठ, नेकपा (एकीकृत समाजवादी) का सात, नागरिक उन्मुक्ति पार्टीको एक, सङ्घीय समाजवादी पार्टीको एक र राप्रपाको एक जना गरी जम्मा १०५ जना प्रदेश सभा सदस्य कायम रहेको छ। 'मधेशलाई जोगाउन सबै एक हुनु पर्छ'। जनकपुरधाम समाचारदाताका अनुसार मधेश प्रदेश सभाका सदस्यले मधेश प्रदेशलाई जोगाउन र सङ्घीयतालाई सुदृढ बनाउन राजनीतिक दल एकजुट भएर अगाडि बढ्नुपर्नेमा जोड दिएका छन्।

बुधवार बसेको मधेश प्रदेश सभाको छैटौं अधिवेशनको चौथो बैठकको विशेष समयमा विभिन्न दलका सांसदले सङ्घीयताको पक्षमा स्पष्ट धारणा राख्दै सुधार आवश्यकताबारे आआफ्नो विचार प्रस्तुत गरेका हुन्। प्रदेश सभा सदस्य रत्नेश्वर गोइत यादवले आवश्यकता र जनचाहना अनुसार राजनीतिक दलले सुधार गर्नुपर्ने बताउनुभयो। उहाँले प्रदेशमा अङ्कित अधिकार व्यवहारमा ल्याउनुपर्नेमा जोड दिनुभयो। प्रदेश सभा सदस्य जितेन्द्रप्रसाद सोनलले कुनै जाति वा समुदायलाई अपमान गर्ने अधिकार कसैलाई पनि नभएको बताउनुभयो।

राष्ट्र प्रमुखबाट सबैको समान अधिकार र समान अस्तित्व सुनिश्चित गरिनुपर्ने उहाँको भनाइ थियो। यसै गरी सभामा बोल्दै प्रदेश सभा सदस्य सुनिता यादवले बलिदानीबाट आएको परिवर्तनलाई कमजोर पार्ने प्रयास भइरहेको आरोप लगाउँदै सङ्घीयताको प्रभावकारी कार्यान्वयनमा ढिलाइ भएको बताउनुभयो। उहाँले भन्नुभयो, "संविधानलाई विकासमुखी बनाउनु पर्छ। अबको निर्वाचनमा कार्यकारी प्रमुखको प्रत्यक्ष चुनाव हुनु पर्छ।"

सांसद चन्दनकुमार सिंहले मधेश प्रदेशले सङ्घीयताको रक्षा र विकास दुवैको जिम्मेवारी लिनुपर्ने बताउनुभयो। उहाँले सङ्घीयताको पक्षधर पक्षमै उभिनुपर्नेमा जोड दिनुभयो। पूर्वमुख्यमन्त्री एवं प्रदेश सभा सदस्य लालबाबु राउतले आजको युवापुस्ता सामाजिक सञ्जालमा सक्रिय रहेको उल्लेख गर्दै जनतालाई सङ्घीयताका कारणले विकास भएको हो भन्ने सन्देश पु-याउनुपर्नेमा जोड दिनुभयो। नेपाली कांग्रेसका सांसद वीरेन्द्रप्रसाद सिंहले लोकतन्त्रलाई संस्थागत गर्न सम्पूर्ण मधेशले भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो। सांसद राजेन्द्रप्रसाद चौधरीले भने निर्वाचन प्रणाली सुधार्न आवश्यक रहेको उल्लेख गर्दै वर्तमान प्रणाली विपन्न र गरिब वर्गका लागि प्रतिस्पर्धी बन्न कठिन रहेको बताउनुभयो। यसै बैठकमा प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले महालेखा परीक्षकको कार्यालयको छैटौं र सातौं वार्षिक प्रतिवेदन पेस गर्नुभयो। त्यस्तै सार्वजनिक लेखा समितिका सभापति मञ्जुकुमारी थापामगरले समितिको वार्षिक प्रतिवेदन बैठकमा प्रस्तुत गर्नुभयो।

# मधेश प्रदेश सभा सदस्यद्वारा श्रद्धाञ्जली अर्पण गर्दै चारबुँदे सङ्कल्प प्रस्ताव पेस

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ९ असोज**



मधेश प्रदेश सभा सदस्यले सङ्घीयता सबलीकरण र भ्रष्टाचार विरुद्धको आन्दोलनमा ज्यान गुमाएका नागरिकप्रति श्रद्धाञ्जली अर्पण गर्दै चारबुँदे सङ्कल्प प्रस्ताव पेस गरेका छन्।

बुधबार प्रदेश सांसद रामअशिष यादव, कुमारकान्त झा, हरिनारायण महतो, सुनिता यादव, रमिता प्रधान, चन्दन सिंह, कनिश पटेल, उर्मिलादेवी सिंहलगायतका हस्ताक्षरयुक्त प्रस्ताव सभामुख रामचन्द्र मण्डलसमक्ष पेस गरिएको हो। चारबुँदे सङ्कल्प प्रस्तावमा नेपाली जनताको त्याग र बलिदानको प्रतिफलस्वरूप प्राप्त सङ्घीय संरचनाप्रति जनप्रतिनिधि एकताबद्ध हुने, सङ्घीय संरचनालाई कमजोर पार्ने प्रयासको विरोध गर्दै संविधानमा स्थापित अधिकारको रक्षा गर्ने, सङ्घीयतालाई सेवा प्रवाह, समावेशी र स्थानीय सशक्तीकरणको माध्यमका रूपमा सबल बनाउन सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय र सहयोगको वातावरण निर्माण गर्ने र भ्रष्टाचारविरुद्धको आन्दोलनले देखाएको चेतना र युवाको सक्रियतालाई सकारात्मक रूपमा ग्रहण गर्दै युवाको आवाजलाई नीति निर्माण, बजेट निर्माण र विकास योजनामा समावेश गर्न प्रदेश सरकारलाई निर्देशन दिने रहेको छ। सङ्कल्प प्रस्तावमा भदौ २३ गते भ्रष्टाचारविरुद्ध युवाले सञ्चालन गरेको आन्दोलनका क्रममा ७४ जनाले ज्यान गुमाएको घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति समवेदना प्रकट गरिएको छ। साथै सयौं घाइते भएकाको उपचारमा सरकारले ध्यान दिनुपर्ने माग गरिएको छ। सांसदले आन्दोलनपछि सङ्घीय संरचनाविरुद्ध प्रतिगामी शक्तिद्वारा नकारात्मक प्रचार भइरहेको उल्लेख गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई कमजोर पार्ने कुनै प्रयास स्वीकार्य नहुने प्रस्तावमा उल्लेख गरेका छन्।

संविधान ऐतिहासिक जनआन्दोलन, सशस्त्र सङ्घर्ष, मधेश आन्दोलन र बलिदानको प्रतिफल भएको भन्दै सङ्घीयताको संरक्षण र सबलीकरण नै सबैको साझा दायित्व रहेकोमा जोड दिएका छन्।

# उखु किसानहरुको खातामा अनुदानको रकम जम्मा

**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, ९ असोज**



रौतहटका उखु किसानले बिहिबार अनुदानको रकम प्राप्त गरेका छन्। कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटले किसानको खातामा अनुदान रकम जम्मा गरेको हो। रौतहटका ३ हजार ६ सय ४६ उखु किसानलाई ३ करोड ४० लाख त्रिपन्न हजार ८सय ८ रुपैया २५ पैसा रुपियाँ अनुदान रकम निकासा गरिएको कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटका प्रमुख कोष नियन्त्रक देवी प्रसाद गौतमले जानकारी दिनुभयो। चाडपर्वको बेला रहेकोले प्राथमिकता दिएर उखु किसानको रकम भुक्तानी गरिएको प्रमुख कोष नियन्त्रक गौतमले बताउनुभयो। रौतहटका उखु किसानले प्रतिक्विन्टल ३५ रुपियाँका दरले अनुदान रकम प्राप्त गरेका छन्। सरकारले गएको वर्ष किसानलाई प्रतिक्विन्टल ७० रुपियाँका दरले अनुदान उपलब्ध गराउने निर्णय गरे पनि अहिले रकम निकासा गर्दा ३५ रुपियाँका दरले वितरण गर्न पुग्ने गरी मात्रै निकासा गरेको थियो। रौतहटको कटहरिया नगरपालिकामा रहेको श्री बाबा बैजुनाथ सुगर एण्ड केमिकल इण्डस्ट्रि प्रालिले क्रसिङ गरेको उखुको विवरण अनुसार किसानलाई अनुदान रकम निकासा गरिएको कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटले जनाएको छ।


## हिंसा होइन, माया र सहिष्णुता बढाऔं ।

**हिंसा हुन नदिऔं:**

- सबै प्राणीप्रति करुणा र सम्मान राखौं,
- द्वन्द्व होइन, संवाद र समझदारी अपनाऔं,
- परिवारदेखि समाजसम्म शान्ति फैलाऔं,
- हिंसात्मक क्रियाकलापबाट बचौं,
- बालबालिका, महिला र अन्य कमजोर वर्गको सुरक्षा गरौं,
- द्वेष र घृणा नफैलाऔं,
- सामाजिक विवादमा धैर्यता र संयमता अपनाऔं,
- तनाव र रिसलाई व्यवस्थापन गरौं,
- समस्याको शान्तिपूर्ण समाधान खोजौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday